सामाजिक परीक्षण प्रतिवेदन

(आर्थिक वर्ष ०७९/८०)

महिला, कानून र विकास मञ्च २०५२

FWLD

अविभेद र समानताका लागि कार्यरत

धन्यवाद ज्ञापन

महिला कानुन र विकास मञ्च (FWLD) ले अविभेद र समानताको लागि निरन्तर क्रियाशिल संस्था हो । वि.स. २०५१ मा स्थापना भएको यो संस्था मानव अधिकारको संरक्षण र प्रवर्द्धनको कार्यमा स्थापनादेखी निरन्तर क्रियाशिल छ । महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत र अल्पसंख्यक समुदाय, द्धन्द्ध पिडित, हिंसा पिडित तथा कानुनी पहिचानबाट बंचित भएका व्यक्तिहरूको अधिकार संरक्षणमा क्रियाशिल रहेको छ। न्यायपूर्ण र समानतामा आधारित समाजको निर्माण गर्ने संस्थाको मुख्य लक्ष्य रहेको छ ।

संस्थाले वार्षिक रुपमा नियमित सामाजिक परिक्षण गर्दै आएको छ। सार्वजनिक जवाफदेहिताको विधीका रुपमा संस्थाले सामाजिक परिक्षणलाई अवलम्वन गरेको छ। संस्थाबाट सामाजिक परिक्षणको प्रतिवेदन वार्षिक रुपमा काठमाडौ महानगरपालिका, जिल्ला प्रशासन कार्यालय काठमाडौ, समाज कल्याण परिषद् र अन्य सरोकारवाला निकायहरूमा समेत पेश गरिदै आएको देखिन्छ । सामाजिक परिक्षणबाट प्राप्त भएका सुझावहरूको संस्थागत कार्ययोजना निर्माण गरी कार्यान्वयन समेत गरिएको छ ।

संस्थाले आर्थिक बर्ष ०७९/८० को सामाजिक परिक्षणको जिम्मेवारी दिएकोमा धन्यबाद ज्ञापन गर्न चाहन्छु। सामाजिक परिक्षण प्रक्रियालाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने संस्थाका कार्यकारी निर्देशक सविन श्रेष्ठ, कार्यममिति, सदस्य, कर्मचारी सबैमा धन्यवाद दिन चाहन्छु। सामाजिक परिक्षणको क्रममा सुचना तथा जानकारीहरूको संकलन तथा व्यवस्थापनमा आवश्यक सहयोग, सहजीकरण र समन्वय गरिदिनु हुने सुचना अधिकृत विनोद चन्द्र देवकोटा र अनुगमन तथा मुल्यांकन अधिकृत सन्तोष चौधरी लगायत कर्मचारीहरू सबैप्रति धन्यबाद व्यक्त गर्दछौं ।

विष्णु बहादुर खत्री

अधिवक्ता तथा सार्वजनिक जवाफदेहिता तथा नीति विज्ञ

सामाजिक परिक्षण परामर्शदाता, महिला, कानून र विकाश मञ्च

विषय सुची

१.	पृष्ठभूमि	१
२.	संस्थाका मुख्य उद्देश्य, रणनीति र लक्षित समुहहरु	१
३.	संस्थाको संगठनात्मक संरचना	२
४.	संस्थाको सञ्जालहरुको सदस्यता, आबद्धता र सचिवालय	३
५.	गैरसरकारी संस्थाको रुपमा कानुनी दायित्वको अनुपालन	४
६.	समाज कल्याण परिषद्सँग आबद्धता, आबद्धता नविकरण र परियोजनाहरुको पुर्व स्विकृति	५
७.	सामाजिक परिक्षण	५
८.	सामाजिक परिक्षणमा मुख्य प्रश्नहरु	६
९.	सामाजिक परिक्षण प्रक्रिया	७
१०.	सामाजिक परिक्षणको कार्यविधि तथा तौरतरिका	८
११.	सामाजिक परिक्षणको कार्यतालिका	८
१२.	सिमितता	९
१३.	संस्थागत मुख्य गतिविधिहरु तथा उपलब्धीहरु	९
१४.	संस्थामा आर्थिक व्यवस्थापन र वित्तिय प्रणाली	१३
१५.	विकास साझेदारहरु	१४
१६.	आर्थिक बर्ष ०७९/८० मा प्राप्त सहयोग र समग्र शिर्षकगत खर्च विवरण	१५
१७.	आर्थिक बर्ष ०७८/७९ को सामाजिक परिक्षणबाट प्राप्त सुझावहरुको कार्यान्वयन	१५
१८.	आर्थिक बर्ष ०७९/८० को सामाजिक परिक्षणबाट प्राप्त सुझावहरु	१६

अनुसुचीहरु

१.	सामाजिक परिक्षण कार्यक्रम तालिका	१८
२.	महिला कानुन र विकास मञ्च (FWLD) को कार्यसमितिको विवरण	१९
३.	महिला कानुन र विकास मञ्च (FWLD) को कर्मचारीहरुको विवरण	१९
४.	महिला, कानुन तथा विकास मंचको भौतिक सम्पति विवरण	२०
५.	सामाजिक परिक्षणका क्रममा लिईएका फोटोहरु	२१
६.	आर्थिक बर्ष ०७९/८० मा संस्थाका प्रकाशनहरु	२३

आर्थिक बर्ष ०७९/८० को सामाजिक परिक्षण प्रतिवेदन

महिला, कानून र विकास मञ्च (FWLD)

१. पृष्ठभूमि

महिला, कानुन र विकास मञ्च (Forum for Women, Law and Development (FWLD) को स्थापना २०५२, जेठ १५ (मे २९, १९९५) मा भएको हो। महिला, कानून र विकास मञ्च काठमाडौं जिल्ला प्रशासन कार्यालयमा वि.सं. २०५२/२/१५ मा दर्ता नं. ५९१ मा गैरसरकारी संस्थाका रुपमा दर्ता भई क्रियाशिल रहेको छ। संस्थाको समाज कल्याण परिषद्मा मिती २०५८/६/४ मा आवद्धता नं. १२६४० मा आवद्धता रहेको छ। संस्थाले त्यस्तो संसारको परिकल्पना गर्दछ जहाँ सामाजिक, न्याय र मानव अधिकारहरूको पूर्ण रूपमा अनुभूत गर्न सकिन्छ र सबै किसिमका विभेदहरू निर्मूल हुन्छ भन्ने रहेको छ। संस्थाको ध्येयमा सबै किसिमका भेदभावपूर्ण कानुनहरूलाई तथा सामाजिक र सांस्कृतिक पूर्वाग्रहहरू परिवर्तनको लागि निरन्तर रूपमा समानतामा आधारित समाजको लागि कार्य गरिरहने छ। संस्था एकअर्कामा पार्ने प्रभाव (Cross Cutting Effect) र अन्तरसम्बन्धित (Inter-sectionality) परिप्रेक्ष्यबाट महिला तथा अन्य सिमान्तकृत वर्गहरूको अधिकारलाई प्रवर्द्धन गर्न अग्रसर छ। अन्तर्राष्ट्रिय दस्तावेजहरूले निश्चित गरेको मानव अधिकारको मापदण्डअनुसार राष्ट्रिय परिप्रेक्ष्यमा कार्यान्वयन गर्दै महिला तथा सिमान्तकृत वर्गको सशक्तिकरण र विकाससम्मको पहुँच कायम गरि अधिकारको प्रयोग गर्न सक्षम बनाउन प्रतिबद्ध छ भन्ने रहेको छ। त्यसैगरी संस्थाको लक्ष्यमा न्यायपूर्ण र समानतामा आधारित समाजको निर्माण गर्ने भन्ने रहेको छ।

संघिय तहमा क्रियाशिल रहेको भएता पनि देशका विभिन्न जिल्लाहरूमा समेत कानुन शिक्षा, कानुनी सहयोग, महिला अधिकार, समानता, सार्वजनिक नीति विश्लेषण तथा निर्माण लगायतका सवालहरूमा एउटा महत्वपुर्ण पहिचान बनाउन सफल गैरसरकारी सामाजिक संस्थाको रुपमा रहेको छ। संस्थाले आफ्ना उद्देश्यहरूको परिपुर्तीका लागि विभिन्न विकास साझेदारहरूसँग समन्वय र सहकार्यतामा विभिन्न परियोजनाहरूको कार्यान्वयन गर्दै आएको छ। संस्थाले ७७ वटै जिल्लाहरूमा कानुनी परामर्श तथा कानुनी सहायता प्रदान गर्दै आइरहेको छ।

२. संस्थाका मुख्य उद्देश्य, रणनीति र लक्षित समुहहरु

महिला कानुन र विकास मञ्च (FWLD) संस्थाका मुख्य उद्धेश्यहरू निम्नानुसार रहेका छन् :

- महिलाको हक, न्याय र समानता प्राप्तिका निमित्त जोड दिने।
- मानव अधिकार सम्वन्धी विश्वव्यापी घोषणा पत्र र महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्वन्धी महासन्धीको आधारमा मानव अधिकारको अवधारणालाई विकास गर्ने।
- महिलाको समग्र विकासको निमित्त सामुहिक एवम् व्यक्तिगत रुपमा गरिएका कानूनी सुधारका प्रक्रियाहरूको सम्वन्धमा अनुभव, दक्षता तथा साधनहरूको सम्वन्धमा सजिलो तवरले सूचना एवम् विचार र सुचनाहरूको आदान प्रदान गर्ने।
- महिलामाथीको शोषण, लैङ्गिक अधिकार हनन् विरुद्धका घटनाहरूमा ऐक्यवद्धता जाहेर गर्ने, आफ्ना सदस्यहरूलाई परिचालन गर्ने।

- नेपाल सरकारले हस्ताक्षर गरेका महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी, नागरिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी, मानव अधिकार सम्बन्धी घोषणापत्रमा भएका व्यवस्थाहरूको प्रभावकारी ढंगले लागु गर्न जोड दिने।
- महिलाहरूमा कानूनी सचेतना विषयगत गोष्ठी, सेमिनार र तालिमहरू, अभिवृद्धि गर्ने कार्यक्रमहरू संचालन गर्ने।
- महिला कानून व्यवसायीको पेशागत हकहित र आवश्यकतामा रहेका महिलाहरूलाई निःशुल्क कानूनी परामर्श दिने।
- महिलाको विकासमा बाधक कानूनहरूको संशोधनको निमित्त सम्बन्धित निकायहरूमा आवाज उठाउने, कानुनी रुपमा न्यायिक प्रक्रियाहरू गर्ने, भएका महिला सम्बन्धी कानूनको कार्यान्वयनको निम्ति जोड दिने।

३. संस्थाको संगठनात्मक संरचना

महिला, कानुन र विकास मञ्च (FWLD) संस्थाको संगठनात्मक संरचना निम्नानुसार रहेको छ।



४. संस्थाको सञ्जालहरुको सदस्यता, आबद्धता र सचिवालय

महिला, कानुन र विकास मञ्च (FWLD) संस्थाको विभिन्न राष्ट्रिय, क्षत्रिय र अन्तरराष्ट्रिय संजालहरूको सदस्यता लिएको छ। केही त्यस्ता संजालहरूको सचिवालयको समेत जिम्मेवारी संस्थाले गर्दै आएको छ।

अन्तर्राष्ट्रिय	राष्ट्रिय	सचिवालय
South Asian Task Force for Action on CEDAW	Human Right Treaty Monitoring Coordination Committee (HRTMCC)	Civil Society Network on Citizenship Rights (CSNCR)
Statelessness and Dignified Citizenship Coalition - Asia Pacific	Legal Aid Working Group	Shadow Report Preparation Committee
Global Campaign for Equal Nationality Rights	National Network for Safe Migration (NNSM)	Provincial Network on Citizenship Rights
Global to Local Network	Legal Empowerment Network	Reproductive Health Right Working Group (RHRWG)
South Asian Reproductive Justice Accountability Initiative (SARJAI)	Nepal Alcohol Policy Advocacy (NAPA)	National Network for Beijing Review Nepal (NNBN)

अन्तर्राष्ट्रिय	राष्ट्रिय	सचिवालय
	Nepal SDG Forum	CEDAW Concluding Observations Implementation Follow Up Group
	Shanti Malika	Women Friendly Disaster Management (WFDM)
	1325 Action Group	
	Technical Committee for Implementing Comprehensive Abortion Care Service	
	Protection Cluster	

५. गैरसरकारी संस्थाको रुपमा कानुनी दायित्वको अनुपालन

महिला, कानुन र विकास मञ्च (FWLD) जिल्ला प्रशासन कार्यालयमा वार्षिक रुपमा नियमित नविकरण भएको छ। संस्था समाज कल्याण परिषद्सँग आबद्धता तथा अद्यावधिक नविकरण भएको छ। समाज कल्याण परिषद्सँग सबै परियोजनाको पूर्व स्वीकृति लिने गरेको देखिएको छ। संस्था अवस्थित का.म.न.पा. वडा न. ११ मा वार्षिक रुपमा नियमित नविकरण भएको छ। परियोजनाको लागि जिल्लाको सम्बन्धित स्थानीय तहको पूर्व अनुमति लिने गरेको छ। जिल्लामा सम्पन्न कार्यक्रमहरूको सम्बन्धित स्थानीय तहबाट कार्य सम्पन्न सिफारिस लिने गरेको छ। संस्थाका कामहरूका सम्वन्धमा सरोकारवालाहरूसमेतको उपस्थितीमा वार्षिक रुपमा सामाजिक परीक्षण गर्ने गरिएको छ। परियोजनाको समाज कल्याण परिषद्बाट अनुगमन तथा मुल्यांकन भएको छ। संस्थाको स्थायी लेखा नं (PAN) मा सूचिकृत भएको छ। गैर मुनाफा संस्थाको रुपमा कर छुट प्रमाणपत्र लिएको छ।

संस्थाले श्रम ऐन, २०७४ अनुसार कर्मचारी विनियमावली अद्यावधि गरी श्रम कार्यालयमा दर्ता गरेको छ। श्रम ऐन २०७४ अनुसार गर्नु पर्ने वार्षिक श्रम अडिट प्रतिवेदन श्रम कार्यालयमा बुझाएको छ। श्रम ऐन २०७४ अनुसार संस्थामा कार्यरत कर्मचारीहरूका लागि निवृत्तिभरण कोष, उपदान, परिवार स्वास्थ्य विमा, जीवन विमा, विदा लगायत सुविधाहरूको व्यवस्था गरेको छ। श्रम ऐन २०७४ बमोजिम सम्पूर्ण कर्मचारीहरूको तलब बैंक डिपोजिट गर्ने गरेको छ। संस्थामा ३० जना कर्मचारीहरू छन् जसमध्ये १ जना झापा जिल्ला परियोजना कार्यालयमा कार्यरत छन्।

सबै कर्मचारीहरूको व्यक्तिगत स्थायी लेखा नं.(PAN) रहेको छ। संस्थाको वित्तिय नियमावली, कर्मचारी नियमावली, आन्तरिक सुरक्षा योजना, अविभेद नीति, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारविरुद्धको नीति, समावेशी नीति, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, एन्टी टेरोरिज्म ऐन, वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गरिएको छ।

संस्थाको आफ्नो वेभसाइट (www.fwld.org), फेसबुक, इन्स्टाग्राम, लिंकड् इन, ट्विटर, यूट्युव च्यानल, संस्थाको "मेरो अधिकार" मोबाइल एप, संस्थाले त्रैमासिक रुपमा इ-बुलेटिन आफ्नो बेबसाइटमा राख्ने गरेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम काठमाडौंको कार्यालयमा विनोद चन्द्र देवकोटालाई सुचना अधिकृत तोकिएको छ। त्यसैगरी जिल्लास्थित सबै परियोजना कार्यालयहरूमा पनि सूचना अधिकृत तोकिएको छ।

६. समाज कल्याण परिषद्सँग आबद्धता, आबद्धता नविकरण र परियोजनाहरुको पुर्व स्विकृति

संस्थाको समाज कल्याण परिषद्मा मिती २०५८/६/४ मा आवद्धता नं. १२६४० मा आवद्धता रहेको छ। संस्थाको समाज कल्याण परिषद्मा आवद्धता नविकरण नियमित रुपमा भई रहेको देखिन्छ। संस्थाले आफुले संचालन गरिरहेका परियोजनाहरूको समाज कल्याण परिषद्बाट पुर्व स्विकृति लिएर कार्यान्वयन गरेको देखिन्छ। कार्यान्वयन भएका परियोजनाहरूको समाज कल्याण परिषद्बाट अनुगमन तथा मुल्यांकन समेत भएको देखिन्छ। पछिल्लो समयमा

1. Impact Study on Property Right of Women in Nepal,
2. Technical support to the Ministry of Women, Children and Social Welfare to draft laws on gender equality,
3. Technical support to the Ministry of Women, Children and Social Welfare for addressing the nexus between Human Trafficking and Foreign Labor Migration of Women and Girls in Nepal,
4. Information and support to people without civil documentation,
5. Prepare comprehensive Shadow Report
6. Strengthening Capacities of Women's Group/Network on Gender Responsive Disaster Risk Reduction and Humanitarian Action-I
7. Strengthening Capacities of Women's Group/Network on Gender Responsive Disaster Risk Reduction and Humanitarian Action-II
8. Strengthening Capacities of duty bearers and right holders for effective Gender Based Violence (GBV) response in the COVID 19 Context

लगायतका परियोजनाहरूको समाज कल्याण परिषद्बाट परियोजना मुल्यांकनको काम गरी सुझावसहितको प्रतिवेदन संस्थालाई उपलब्ध गराईएको देखिन्छ। संस्थाले परियोजनाहरू समाज कल्याण परिषद्मा पुर्व स्विकृति लिई कार्यान्वयन गर्ने गरेको देखिन्छ। समाज कल्याण परिषद्बाट पुर्व स्विकृती लिइएका परियोजनाहरूको चौमासिक प्रतिवेदन समाज कल्याण परिषद्मा पेश गर्नका लागि समाज कल्याण परिषद्मा आवद्ध भएका तथा परियोजनाको पुर्व स्विकृति लिएका संस्थाहरूका लागि समाज कल्याण परिषद्बाट सुझाव दिइएको भएतापनि त्यस्तो चौमासिक प्रतिवेदन पेश गर्ने अभ्यास संस्थाले कार्यान्वयन गरेका सम्वन्धित परियोजनाहरूले चौमासिक रपमा पेश गरेको देखिएन।

७. सामाजिक परिक्षण

सार्वजनिक हितको लागि गरिने कार्यहरूलाई समाजले निगरानी राख्ने कार्य परापूर्वकालदेखि प्रचलन रहेको थियो। सापेक्षिक रुपमा सामाजिक परीक्षणको अभ्यास सन् १९५० को दशकपछि नयाँ अवधारणाको रुपमा स्थापित भएको हो। सन् १९७० को दशकतिर युरोपेली राष्ट्रहरूले उद्योग व्यवसायबाट उपभोक्ताहरूमा परेको असरको छलफल र अन्तरक्रिया गरी सुधार गर्ने परिपाटीका रुपमा यसको शुरुवात भएको पाइन्छ। वर्तमान अवस्थामा सामाजिक परिक्षणलाई सार्वजनिक जवाफदेहिताको एउटा विधीका रुपमा नेपाल सरकार, नागरिक समाज र सरोकारवालाहरूबाट अभ्यास गरिदै आएको आएको छ। नेपाल सरकारले सार्वजनिक जवाफदेहिताका विधीहरूमध्ये सामाजिक परिक्षणलाई पनि अभ्यास गर्दै आएको छ। समाज कल्याण परिषद्ले सबै गैरसरकारी संस्थाहरूलाई सामाजिक परिक्षणको अभ्यासमार्फत सार्वजनिक जवाफदेहिताका लागि उत्प्रेरित गरेको छ। महिला, कानुन र विकास मञ्च पनि विगत पाँच वर्षदेखी वार्षिक रुपमा नियमित सामाजिक परिक्षण गर्दै र सोबाट प्राप्त भएका सुझावहरूलाई कार्यान्वयन गर्दै आएको छ। Multi-perspective, Comprehensive, Regular, Verification,

Comparative, Institutional Transparency and Accountability सामाजिक परिक्षणका मुख्य सिद्धान्तहरू हुन्। यसले संस्थाको विभिन्न पक्षहरूलाई हेर्ने, विश्लेषण गर्ने र सुझावहरू संकलन गर्ने काम गर्दछ।

नेपालको संविधानको राज्यको निर्देशक सिद्धान्तमा विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने भनी उल्लेख छ। सामाजिक परिक्षण जस्ता अभ्यासहरूले नागरिक र सरोकारवालाहरूसँग सेवा प्रदायक संस्थाको समन्वय र जवाफदेहितामा विकास हुन्छ। नेपालको संविधानको मौलिक हक र सूचनाको हक सम्वन्धी ऐनमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयमा सूचना माग्ने र पाउने हक हुनेछ। सुचना आफ्ना सरोकारवालाहरूलाई उपलब्ध गराउनु सम्वन्धित जिम्मेवार संस्था वा कार्यालयको दायित्व हुन्छ। सामाजिक परिक्षण पनि सम्वन्धित जिम्मेवार संस्था वा कार्यालयको दायित्वका रुपमा अभ्यासमा आएको छ। सुशासन ऐनले पनि कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिएबमोजिम सार्वजनिक सुनुवाइ गराउनु पर्नेछ भनी व्यवस्था गरेको छ।

सामाजिक परिक्षण सार्वजनिक जवाफदेहिताको एउटा चरणबद्ध र नियमित प्रकृया हो। यो एउटा कार्यक्रम मात्र होइन। एकदिन सरोकारवालाहरूसँग अन्तरक्रिया गरेर यो दायित्व पुरा हुदैन। अधिकारवाला, लाभान्वित समुदाय र सरोकारवालाहरूले संस्थाको कार्यसम्पादन जाँच, मुल्यांकन गर्ने अवसर/विधीका रुपमा यसको प्रयोग भएको छ। सामाजिक परिक्षणले संस्था र सम्वन्धित क्षेत्र र सरोकारवालाहरूसँग सम्वादको सृजना गर्दछ। नीति, संरचना, कार्यक्रम, व्यवस्थापन र अभ्यासमा स्वमुल्यांकन र सुधारको अवसर दिन्छ।

८. सामाजिक परिक्षणमा मुख्य प्रश्नहरु

सामाजिक परिक्षण मुख्यगरी संस्थाका विविध पक्षहरूका सम्वन्धमा सो संस्थाका लक्षित समुह, सरोकारवाला लगायत सम्वन्धित पक्षहरूसँग अन्तरक्रिया तथा सुझाव संकलन गरी सोको आधारमा कार्ययोजना तय गरी कार्यान्वयन गर्ने प्रक्रिया हो। यसमा मुख्यगरी निम्न प्रश्नहरूमा रहेका छलफल, अन्तरक्रिया, सुझाव संकलन र कार्ययोजना सहित कार्यान्वयन गरिन्छ।

- के हाम्रा काम वा परियोजना अन्तरगतका कार्यक्रमहरूले नेपालको अन्तरराष्ट्रिय प्रतिवद्धता, संवैधानिक तथा कानुनी व्यवस्था, अन्य नीतिगत तथा आवधिक योजना तथा दिगो विकाशका लक्ष्यहरूको प्राप्तिसँग मेल खाएको छ ? हाम्रो कामले त्यसमा योगदान पुगेको छ ?
- के हाम्रो कार्यक्रमहरूको उद्देश्य, लक्ष्य, अन्तरगतका कार्यक्रमहरूको योगदान, प्रभावकारिता, गुणस्तर, प्रक्रिया, रणनीति र उपलब्धीहरू मिलीरहेको छ ?
- के हाम्रो कार्यक्रमहरूको कार्यान्वयनले सिंगो देश र विभिन्न तहका सरकारहरूको समग्र लक्ष्य तथा उद्देश्य प्राप्तीमा सहयोग पुगेको छ ? राष्ट्रिय नीतिसँगको तादम्यता र सरकारको नीति कार्यान्वयनमा हाम्रो कामको भुमिका कस्तो छ ?
- क्रियाकलापहरू कार्यान्वयनको प्रकृया र रणनीति कति प्रभावकारी रहेको छ ? संस्था र विभिन्न तहका सरकार र तिनका निकायहरूविचको समन्वयको अवस्था कस्तो रहेको छ ?
- संस्थामा आर्थिक व्यवस्थापन, खर्च प्रणाली, प्रशासनिक खर्च एवम् लागत विश्लेषण, आर्थिक नियमितता, आर्थिक अनुशासन तथा पारदर्शिताको अवस्था कस्तो छ ?
- संस्थाको नियमित रुपमा नविकरण, आय-व्ययको लेखापरिक्षण, सार्वजनिक जवाफदेहिताको अभ्यास, संस्थागत सम्पत्तिहरूको अभिलेख तथा प्रयोग, विधान अनुरुप नियमित निर्वाचन, साधारण सभा, कार्यसमितीको बैठक, समाज कल्याण ऐन २०४९ अनुसार समाज कल्याण परिषद्, वडा, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय तथा सम्वन्धित

निकाय वा कार्यालयहरूमा प्रतिवेदन पेश लगायत संस्थाले पालना गर्नुपर्ने विद्यमान कानुनी व्यवस्थाहरूको अनुपालनाको अवस्था कस्तो छ ?

- संस्थाले संचालन गरेका परियोजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा बाधा, अवरोध, सिकाई, उपलब्धी, दिगोपना तथा संस्थागत क्षमता विकासका लागि के कस्ता अभ्यासहरूको अवलम्वन र रणनीतिहरूको अवलम्वन गरिएको छ ?

९. सामाजिक परिक्षण प्रक्रिया

सामाजिक परिक्षण सार्वजनिक जवाफदेहिताको एक प्रमुख विधी हो। सबै गैरसरकारी संस्थाहरूले वार्षिक रुपमा सामाजिक परिक्षण गर्ने कानुनी दायित्व रहेको हुन्छ। यसै दायित्वको कार्यान्वयनका लागि महिला कानुन र विकास मञ्च ९ँधीम० ले पनि आर्थिक बर्ष ०७९/८० मा कार्यान्वयनमा ल्याएका कार्यक्रमहरूको सामाजिक परिक्षण सम्पन्न गरिएको छ। सामाजिक परिक्षणमा मुख्यगरी निम्न ५ तहको प्रक्रिया अवलम्वन गरिएको छ।

(क) सामाजिक परिक्षणको तयारी छलफल, बैठक तथा परामर्श
(ख) सामाजिक परिक्षण दिन (२०८० असोज १५ गते, काठमाडौ) अर्थात सरोकारवाला निकायहरू तथा लक्षित समुहहरू विच सामाजिक परिक्षण प्रस्तुती तथा सुझाव संकलन
(ग) सामाजिक परिक्षणबाट प्राप्त सुझावहरूको प्रतिवेदन तयारी तथा कार्यन्वयन कार्ययोजना निर्माण
(घ) सामाजिक परिक्षण कार्ययोजनाको कार्यान्वयन
(ड) सामाजिक परिक्षण कार्ययोजनामा भएका प्रगतिहरूको अभिलेखीकरण र आर्को वर्षको सामाजिक परिक्षणमा प्रगति प्रस्तुती

१०. सामाजिक परिक्षणको कार्यविधि तथा तौरतरिका

महिला कानुन र विकास मञ्च (FWLD) को आर्थिक बर्ष ०७९/८० को सामाजिक परिक्षणको क्रममा निम्न अनुसारको कार्यविधि तथा तौरतरिका अवलम्बन गरिएको छ।

(क) **तयारी, छलफल, बैठक तथा परामर्श :** संस्थाका कार्यसमिति, कर्मचारी तथा सदस्यहरूसँग सामाजिक परिक्षणको तयारी, सुचना संकलन, विश्लेषण तथा प्रस्तुतीका सम्वन्धमा छलफल, बैठक तथा परामर्शको आयोजना गरिएका थिए।

(ख) **डेस्क अध्ययन :** संस्थाको विधान, विभिन्न नियमावली, रणनीतिक योजना, कार्ययोजना, परियोजनाको प्रस्ताव पत्र, प्रतिवेदन, आर्थिक विवरण लगायतका आवश्यक कागजातहरूको अध्ययन/अवलोकन गरी आवश्यक विवरणहरू संकलन तथा विश्लेषण गरिएको थियो।

(ग) **प्रस्तुती तथा सुझाव संकलन :** छलफल, बैठक, परामर्श र डेस्क अध्ययनका आधारमा प्राप्त भएका तथ्य, तथ्यांक, सुचना तथा निष्कर्षसहितको प्रतिवेदन संस्थाका सरोकारवालाहरू, लक्षित समुहहरूमाझ सामाजिक परिक्षण दिनमा प्रस्तुत गरी थप सुझावहरू संकलन गरिएको थियो।

(घ) **प्रतिवेदन तयारी तथा कार्ययोजना निर्माण र कार्यान्वयन :** सामाजिक परिक्षणको प्रक्रियाबाट प्राप्त भएका सुझावहरूसहितको प्रतिवेदन तयार भएको छ। संस्थाले प्राप्त भएका सुझावहरूलाई कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने छ।

११. सामाजिक परिक्षणको कार्यतालिका

महिला, कानुन र विकास मञ्च (FWLD) को आर्थिक बर्ष ०७९/८० को सामाजिक परिक्षणको क्रममा निम्नानुसार कार्यतालिका अवलम्वन गरिएको छ।

क्र.स.	मुख्य क्रियाकलाप	हप्ता			
१.	○ प्रारम्भिक बैठक ○ संस्थाको कार्यसमिति, व्यवस्थापन तथा परियोजना टिमसँग छलफल				
२.	○ सुचना संकलनका लागि प्रश्नावली र चेकलिष्ट तयारी ○ संस्थासँग सम्वन्धित कागजातहरूको संकलन, अध्ययन तथा विश्लेषण ○ सामाजिक परिक्षणको तयारी छलफल, बैठक तथा परामर्श ○ सामाजिक परिक्षण प्रस्तुती कार्यतालिका तयारी				
३.	○ सामाजिक परिक्षण दिन अर्थात सरोकारवाला निकायहरू तथा लक्षित समुहहरू विच सामाजिक परिक्षण प्रस्तुती ○ सरोकारवालाहरूको सुझाव संकलन				
४.	○ प्राप्त भएका सुझाव तथा सुचनाहरूको विश्लेषण, प्रस्तुती तथा प्रतिवेदन लेखन ○ सामाजिक परिक्षणबाट प्राप्त सुझावहरूको प्रतिवेदन तयारी ○ कार्यन्वयन कार्ययोजना निर्माण				

१२. सिमितता

महिला, कानुन र विकास मञ्च (FWLD) को आर्थिक बर्ष ०७९/८० को सामाजिक परिक्षणको क्रममा निम्नानुसार सिमितता रहेका छन् ।

(क) आर्थिक बर्ष ०७९/८० सँग सम्वन्धित संस्थाका कार्यक्रमहरूका सम्वन्धमा मात्र यस सामाजिक परिक्षणमा समावेश गरिएको छ। यस सामाजिक परिक्षणले संस्थाका विभिन्न समय वा सबै पक्षका सम्वन्धमा भईरहेका कामहरूका सम्वन्धमा जानकारी दिन सक्दैन ।

(ख) सामाजिक परिक्षणका लागि संस्थाका कार्यसमिति, सदस्यहरू, कर्मचारीहरूबाट प्राप्त सुचना तथा जानकारी र सामाजिक परिक्षण प्रस्तुतीका दिन उपस्थित सहभागीहरूबाट प्राप्त सुचना तथा जानकारीलाई नै मुख्य सुचना तथा सुझावका रुपमा विश्लेषण र प्रस्तुत गरिएको छ।

(ग) संस्थाले आर्थिक बर्ष ०७९/८० मा गरेका कार्यक्रम र उपलब्धी तथा आर्थिक व्यवस्थापन सम्वन्धमा संस्थाको कार्यक्रम शाखा र आर्थिक तथा लेखा शाखाबाट प्राप्त भएका विवरण तथा संस्थागत कार्यक्रमहरूसँग सम्वन्धित संस्थाबाट उपलब्ध गराईएका विवरणलाई मुख्य आधार मानी विश्लेषण गरी प्रस्तुत गरिएको छ।

१३. संस्थागत मुख्य गतिविधिहरु तथा उपलब्धीहरु

महिला, कानुन र विकास मञ्च (FWLD) को आर्थिक बर्ष ०७९/८० मा संपन्न भएका कार्यक्रमहरू तथा तिनका मुख्य उपलब्धीहरू निम्नानुसार रहेका छन् ।

क) कानुनी पहिचान सम्बन्धी संस्थाद्वारा प्रदान गरेको सेवा

ख) प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी

ग) लैङ्गिक हिंसा विरुद्ध कानुनी सहायता र सेवा प्रदान गरेका मुद्दाहरु

जम्मा : ६२

घ) कानुनी परामर्श

विषयगत क्षेत्र	मुख्य गतिविधिहरु
कानुनी पहिचान	▪ ५०० भन्दा बढी स्थानीय सरकारका प्रतिनिधि र अधिकारीहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको। ▪ नागरिकता अधिकार र जन्म दर्तामा केन्द्रित कानूनी पहिचान मुद्दाहरूमा ३४ संघीय सांसदहरूसँग छलफल कार्यक्रम। ▪ बर्दिया, गुल्मी, बाँके, रुपन्देही र दाङ जिल्लाका ऋद्यइक र सामाजिक अभियन्ताहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको र त्यसपछि जन्म दर्ता र नागरिकता अधिकार सम्बन्धि वकालत गर्न वकिलहरूको लुम्बिनी प्रादेशिक स्तरीय नेटवर्क गठन गरिएको। ▪ मूलधारका मिडिया हाउसहरू र अनलाइन मिडियाका सम्पादक र वरिष्ठ पत्रकारहरू सहित कुल १८९ सञ्चारकर्मीहरूलाई नागरिकता अधिकार सम्बन्धी विभिन्न मुद्दाहरूमा सचेत गराइएको। ▪ अछाम जिल्लाको साफेबगर नगरपालिका, बान्नीगढी जयगढ गाउँपालिका र रामरोशन गाउँपालिका तथा बाँके जिल्लाको नेपालगञ्ज उपमहानगरपालिका, बैजनाथ गाउँपालिका र कोहलपुर नगरपालिकामा ८३ जनाले मोबाईल क्लिनिकबाट कानुनी सहायता लिएको। ▪ अछाम र बाँके जिल्लाका ३० जना सामाजिक परिचालकहरूलाई कानुनी पहिचानसम्बन्धी तालिम प्रदान गरिएको। ▪ काठमाडौं, भक्तपुर र ललितपुर गरी तीन जिल्लामा कूल १० वटा कचहरी नाटकहरू प्रभावकारी रूपमा सम्पन्न भएको, जसमा करिब २,७२० व्यक्तिहरूको अनुमानित दर्शकहरू जनचेतना अभिवृद्धि भएको। ▪ ९ प्रमुख राजनीतिक दलका प्रतिनिधिहरूलाई भेटेर निर्वाचन घोषणापत्रमा नागरिकता ऐन संशोधन विधेयकलाई प्राथमिक एजेण्डाका रूपमा परिमार्जन गर्न आग्रह गर्दै ज्ञापनपत्र हस्तान्तरण गरिएको।
लैङ्गिक तथा यौनिक हिंसाविरुद्ध	▪ पीडित केन्द्रित दृष्टिकोणबाट बहु पक्षीय सेवा प्रदायक संग अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रम ७ वटा जिल्लाहरूमा सम्पन्न (ओखलढुंगा, बैतडी, बझाङ, बाजुरा, मोरंग, अछाम, कैलाली) (विभिन्न सरोकारवाला निकायहरू बाट १५५ जना सहभागी) ▪ लैङ्गिक हिंसाको मुद्दामा नेपाली कानुनी व्यवस्था अनुसार पिडित पक्षधरलाई सम्बोधन गर्ने नीति र कार्यक्रम सुदूरपश्चिम प्रदेश तथा कोशी प्रदेशमा संवाद कार्यक्रम सम्पन्न भएको। ▪ लैङ्गिक हिंसाका घटनाहरूमा स्वास्थ्यकर्मीको भूमिका सम्बन्धी तालिम (बैतडी, बाजुरा, अछाम र कैलाली) ▪ लैङ्गिक हिंसाका घटनाहरू सम्बन्धि स्थानीय तहको भूमिका बारे संवाद कार्यक्रम : गोकर्नेश्वोर नगरपालिका (काठमाडौँ), जय पृथ्वी नगरपालिका र बिठाडचिर गाउँपालिका (बझाङ), मंगलसेन नगरपालिका, साफेबगर नगरपालिका र कमलबजार नगरपालिका (अछाम), बडिमालिका नगरपालिका र बुढीगंगा नगरपालिका (बाजुरा) र काठमाडौँ महानगरपालिका, दशरथ चन्द नगरपालिका र पाटन नगरपालिकामा (बैतडी) र धनगढी उपमहानगरपालिका (कैलाली) ▪ यौनिक तथा लैङ्गिक हिंसा विरुद्ध कानुनको कार्यान्वयन संवाद कार्यक्रममा प्रधानमन्त्री कार्यालयका उपसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिनिधि र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि, काठमाडौं महानगर सामाजिक विकास महाशाखाका विभागिय प्रमुख, प्रहरी अधिकारी र कानूनी संकायका विद्यार्थीहरूको उपस्थितिमा सम्पन्न भएको। ▪ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा "म बाट महिलावाद" कार्यक्रम सम्पन्न भएको

विषयगत क्षेत्र	मुख्य गतिविधिहरु
प्रजनन स्वास्थ्य अधिकार	▪ यौन तथा प्रजनन स्वास्थ्य अधिकार र एकद्वार संकट व्यवस्थापन केन्द्र ९इक्रः ऋ० को सेवा सुदृढीकरणको लागि सरोकारवाला मन्त्रालय तथा निकायहरूसंग अन्तरक्रियात्मक छलफल कार्यक्रम ▪ विभिन्न समयमा प्रजनन स्वास्थ्य अधिकार र सेवामा काम गर्ने संघ संस्थाहरूलाई सम्बन्धीत विषयमा एक्यवद्ध गराउने कार्य भएको। ▪ अनलाईन मार्फत असिस्टेड रिप्रोडक्टीभ एसियामा प्रजनन स्वास्थ्य अधिकारका मुद्दाहरूको वारेमा छलफल। ▪ परिवार कल्याण महाशाखाको सहयोगमा आठौं सुरक्षित गर्भपतन सेवा दिवसको अवसरमा "सुरक्षित गर्भपतनः अपराध होइन, अधिकार हो" भन्ने नारा सहित विभिन्न कार्यक्रम तथा सहयात्रा बुलेटिन प्रकाशन तथा विमोचन। ▪ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को संशोधनको आवश्यकताका साथै निःसन्तान तथा प्रजनन सेवा सम्बन्धी माननीय सांसदज्यूवाट संग छलफल कार्यक्रम। ▪ प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी कसुरहरूका पिडितहरूलाई निःशुल्क कानूनी सेवा ७७ वठै जिल्लाहरूवाट उपलब्ध गराउदै आईरहेको। ▪ निःसन्तान तथा प्रजनन सेवाका सहायक प्राबिधिक र सरोगेसी सम्बन्धि माननीय सांसदज्यूहरूसंग अन्तरक्रियात्मक छलफल कार्यक्रम ▪ लुम्बिनी प्रदेशका विभिन्न सरोकारवाला निकायहरू संग यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि छलफल कार्यक्रम ▪ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखाको सहकार्यमा प्रजनन स्वास्थ्य सेवा कार्यान्वयनको अवस्था बारे छलफल कार्यक्रम ▪ किशोर मैत्री प्रजनन स्वास्थ्य सेवा निर्देशिका, २०२२ मा छलफल बैठक तथा विश्लेषण कार्यक्रम ▪ कःच्ज्च ऐन संशोधन प्रस्तावको आवश्यकता बारे जनसंख्या तथा स्वास्थ्य मन्त्रालयको विभागबाट उपसचिव (MoHP), FWD, कानूनी विशेषज्ञहरू, स्वास्थ्य कर्मिहरू, प्रजनन स्वास्थ्य विशेषज्ञहरू संग संवाद कार्यक्रम
मानव बेचबिखनविरुद्ध तथा सुरक्षित आप्रवासन	▪ पालेर्मो प्रोटोकलका प्रावधानहरू लागू गर्न संसदीय समितिको बैठक बोलाई छलफल कायक्रम ▪ पालेर्मो प्रोटोकलमा कानूनको आवश्यक परिमार्जनका लागि पिडित समूहहरूसँग कार्यशाला गोष्ठी कार्यक्रम ▪ पालेर्मो प्रोटोकल संशोधनका लागि वकिलहरूसँगको आवश्यक सुझाव सल्लाह संकलन गरी गोष्ठी कार्यक्रम ▪ सम्बन्धित नागरिक समाजका संगठनहरू संग पालेर्मो प्रोटोकलको बारेमा अन्तरक्रियात्मक छलफल कार्यक्रम ▪ पालेर्मो प्रोटोकल को घरेलूकरण गर्न आवश्यक रेहेको र परिमार्जन प्रोटोकल अनुरूप कानूनहरूको आवश्यक विषयमा गहन छलफल तथा कानुनमा सुधार लागि राष्ट्रिय मानव अधिकार आयोगले सम्बन्धित मन्त्रालयलसंग छिटो भन्दा छिटो समन्वय गर्न र कार्यान्वयन गर्न प्रतिबद्ध रहेको ▪ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग बैठकबसी मानव बेचबिखन विरुद्धको कानुनमा संशोधन र प्रस्ताव समावेश गर्न मन्त्रालय प्रतिबद्ध रहेको ▪ काठमाडौंमा संचारकर्मीहरू संग न्भ्क्ष्क परिप्रेक्ष्यको मुद्दा र मानव बेचबिखन विरुद्धको कानुन संशोधन गर्दा मानव बेचबिखन र मानव तस्करी बीचको भिन्नता रहेको बिषयक उपर छलफल गरी सम्पन्न भएको।

विषयगत क्षेत्र	मुख्य गतिविधिहरु
बाल अधिकार सम्बन्धी	▪ प्रदेश स्तरीय बाल संरक्षण सम्बन्धी कानुनी प्रावधानहरूमा अभिमुखीकरण कार्यक्रमहरू (लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेश) ▪ "बालबालिका सम्बन्धी प्रदेश नीति" विषयक छलफल कार्यक्रमहरू (सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेश) ▪ ९ वटा विद्यालयमा बाल संरक्षणका लागि बनेका कानूनी व्यवस्था सम्बन्धी सामुदायिक सचेतना कार्यक्रम ▪ महिला र बालबालिका हिंसाको उपयुक्त सेवाको स्थापना र सुदृढीकरण बिषयमा स्थानीय स्तरको संवाद कार्यक्रमहरू (बाजुरा, अछाम र रुपन्देहीमा) ▪ बाल संरक्षण सम्बन्धी कानुनी व्यवस्थामा प्रहरीको भूमिका सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू (कंचनपुर, रुपन्देही , पाल्पा) ▪ बाल संरक्षणमा सम्बन्धित सरोकारवालाहरूको भूमिका विषयक अभिमुखिकरण कार्यक्रमहरू (कंचनपुर, कैलाली, रुपन्देही)
न्यायमा पहुँच	▪ कोभिड १९ महामारीको समयमा महिला र सीमान्तकृत समूहहरूको न्यायमा पहुँच परेको प्रभाव र E-justice सेवाको प्रयोगबारे अध्ययनका लागि सेवा प्रदायकहरूसँग छलफल (बाँके, इलाम, सुर्खेत, मकवानपुर, पर्सा, कास्की, कैलाली र काठमाडौं) ▪ कोभिड १९ महामारीको समयमा महिला र सीमान्तकृत समूहहरूको न्यायमा पहुँच परेको प्रभाव र E-justice सेवाको प्रयोगबारे अध्ययनका लागि सेवाग्राहीहरूसँग सम्वाद कार्यक्रम (बाँके, इलाम, सुर्खेत, मकवानपुर, पर्सा, कास्की र कैलाली) ▪ सरोकारवालाहरूसँग कोभिड १९ महामारीको समयमा महिला र सीमान्तकृत समूहहरूको न्यायमा पहुँच परेको प्रभाव र E-justice सेवाको प्रयोगबारे अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको ।
विपद् तथा जलवायु परिवर्तन	▪ स्थानीय तहको विपद् योजना तथा उत्तरदायी बनाउनेबारे परामर्श बैठक कार्यक्रमहरू (सुर्खेत, बाँके, कैलाली, डडेलधुरा र बझांङ) जिल्लाहरूमा सम्पन्न भएको

१४. संस्थामा आर्थिक व्यवस्थापन र वित्तिय प्रणाली

संस्थाले परियोजनाहरूको कार्यान्वयन गर्नु पूर्व नै समाज कल्याण परिषद्बाट विस्तृत बजेट सहितको कार्यक्रमको पुर्व स्विकृति लिइएको देखिन्छ। पुर्व स्विकृति लिइएको बजेट अनुसार नै कार्यक्रमहरूमा खर्च गर्ने गरिएको देखिन्छ। कुनै पनि कार्यक्रममा पुर्व स्विकृतिभन्दा कम वा बढी खर्च भएकोमा संस्थाको तर्फबाट सो हुनुपर्नाको कारण समाज कल्याण परिषद्बाट गरिने मुल्यांकन प्रतिवेदनमा सोको कारण उल्लेख गर्ने गरिएको छ।

संस्थाको विधानमा नै खाता संचालन सम्वन्धी व्यवस्था स्पष्ट रुपमा रहेको छ। विधानमा संस्थाको नाममा विभिन्न बैंकहरूमा खोलिएका खाताहरूमा कोषाध्यक्षको हस्ताक्षर अनिवार्य र अध्यक्ष वा सचिव वा कार्य समितिले निर्णय गरेको अन्य व्यक्तिको हस्ताक्षरबाट संचालन गरिने छ भन्ने व्यवस्था छ। हाल संस्थामा अध्यक्ष वा सचिवमध्ये एकजना र कोषाध्यक्षको हस्ताक्षर अनिवार्य रहने गरी संयुक्त दस्तखतबाट बैंक खाता संचालन गरिएको देखिन्छ। बैंकको चेकमा हस्ताक्षर गर्ने कोषाध्यक्ष अनिवार्य तथा अध्यक्ष र सचिव मध्ये एक भनिएको भएता पनि अध्यक्षले चेकमा हस्ताक्षर गरी आएको देखिन्छ।

परियोजनाहरू अन्तरगत हुने खर्चहरूको लागि छुट्टाछुट्टै वैंक खाता खोलिएका छन्। संस्थाले परियोजना तथा संस्थासँग सम्वन्धित कामसँग सम्वन्धित भुक्तानीहरू बैंक चेक मार्फत आर्थिक कारोबार गर्ने गरेको देखिन्छ। संस्थामा दैनिक आईपर्ने सामान्य खर्च प्रयोजनका लागि रु. १५,०००/- (पन्ध्र हजार) सम्मको सानो नगदी कोष खडा गरी सञ्चालन गर्ने गरिएको देखियो। सानो नगदीबाट खर्च गर्दा जुन परियोजनाको लागि खर्च गरिएको हो, त्यही परियोजना वा बजेट शिर्षकबाट सोधभर्ना

गर्ने गरिएको पाइयो। संस्थाको आर्थिक कारोबार दोहोरो लेखा प्रणाली अनुरुप राखिएको छ। संस्थाको स्थायी लेखा नम्बर ३०१३२९५३८ रहेको छ। आर्थिक अभिलेख तथा व्यवस्थापनका लागि Talley software मार्फत गर्ने गरिएको छ। संस्थाको सबै दैनिक आर्थिक क्रियाकलाप कम्प्यूटरबाट सफ्टवेयरको प्रयोग गरी लेखा व्यवस्थापन गर्ने गरिएको पाईयो। संस्थासँग वित्तिय वा लेखा व्यवस्थापनका लागि Cash Basis नीति रहेको छ।

संस्थामा आर्थिक नीति तथा निर्देशिका २०७५ रहेको देखिन्छ। संस्थामा खरिद प्रक्रिया सम्वन्धी नीतिगत व्यवस्था र Anti-fraud policy रहेको देखिन्छ। कुनै खर्च अथवा पेश्की दिंदा दिने व्यक्ति, रुजु गर्ने तथा स्वीकृति गर्ने व्यक्ति फरक फरक रहने व्यवस्था अभ्यासमा छ। संस्थाका लागि आवश्यक कुनै पनि वस्तु तथा सेवा खरिदका लागि खुल्ला विज्ञापन वा कोटेशन माग गरेर गर्ने गरिएको देखिन्छ। सामान अनुपात बोलपत्र आव्हान, कोटेसन (कम्तिमा न्यूनतम ३ वटा कोटेशन) फरक फरक कम्पनी वा व्यक्तिबाट पेश भएपछि मात्र सो प्रक्रिया गर्ने गरिएको देखिन्छ। सेवा तथा वस्तुहरूको खरिदमा सबभन्दा कम कबुल गरेको रकम तथा गुणस्तर समेतको आधारमा उपयुक्त कम्पनी वा व्यक्तिको छनौट गर्ने गरिएको देखिन्छ। संस्थाका लागि आवश्यक पर्ने कर्मचारीहरूको छनौट तथा नियुक्ति खुल्ला प्रतिस्पर्धाका आधारमा समावेशीताका विद्यमान मापदण्ड र अभ्यासलाई समेत ध्यान दिई गर्ने गरिएको छ। यद्यपी संस्थामा यौनिक तथा लैंगिक अल्पसंख्यक, अपांगता भएका नागरिकहरू लगायतको सहभागिता अभिवृद्धि गर्नुपर्ने देखिन्छ। संस्थामा कार्यरत कर्मचारीहरू विशेषगरी संस्थाको लक्ष्य, उद्देश्य र कामको प्रकृति अनुसार कानुनका विषयका जानकार र अभ्यासकर्ताहरू रहेको देखिन्छ।

संस्थामा रहेको सम्पत्ति कोडिङ र स्थान उल्लेख गरी राखेको देखिन्छ। संस्थाको सम्पत्तिलाई वार्षिक २ पटक Fiscal Verification गर्ने गरेको पाइयो। आयकर ऐनमा व्यवस्था भए अनुसारको कर कट्टा गरी आन्तरिक राजस्व कार्यालयमा पेश गर्ने गरिएको विवरण संस्थासँग छ। संस्थाले सामाजिक संस्थाका रुपमा आन्तरिक राजस्व कार्यालयबाट संस्थाले कर छुट प्रमाणपत्र समेत लिने गरेको देखिन्छ। संस्थाले आफ्नो पछिल्लो लेखा परिक्षण प्रतिवेदन, गत आर्थिक वर्षको आर्थिक प्रतिवेदन र आगामी वर्षको लागि प्रस्तावित बजेट र खर्च साधारण सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने गरेको पाईएको छ। संस्थाका आर्थिक क्रियाकलापहरूमा साधारण सभाबाट पारित आर्थिक नियमावलीको आधारमा गर्ने गरिएको छ। दोहोरो लेखा प्रणाली अनुसार आय-व्ययको हिसाब राखिएको छ। कारोबारहरूको खर्च स्वीकृति गर्ने गरिएको, चेक खिच्दा भौचर स्वीकृत गर्ने गरिएको, बैंक मार्फत आर्थिक कारोवार गर्ने गरिएको देखिन्छ।

संस्थाको आर्थिक कारोबार नेपाली आर्थिक वर्ष अनुसार व्यवस्थित गरिएको छ। नेपाली आर्थिक वर्ष अनुसार नै चार्टर्ड एकाउन्टेण्टबाट वार्षिक लेखा परिक्षण गरिएको छ। यद्यपी कतिपय संस्थागत परियोजनाका क्रियाकलापहरूको नियमित तथा आवधिक प्रतिवेदनहरू सम्वन्धित विकास साझेदारसँगको सम्झौता अनुसार अंग्रेजी क्यालेण्डर अनुसार पनि गर्ने गरिएको छ। संस्थाले आफ्नो लेखा परिक्षण प्रतिवेदन प्रत्येक वर्ष जिल्ला प्रशासन कार्यालय, समाज कल्याण परिषद्, काठमाडौ महानगरपालिका र संस्थाको केन्द्रिय कार्यालय रहेको काठमाडौ महानगरपालिकाको वडा नं. ११ मा समेत पेश गर्ने गरेको छ।

१५. विकास साझेदारहरु

महिला, कानुन र विकास मञ्च (FWLD) को आर्थिक बर्ष ०७९/८० मा साझेदार संस्थाहरू निम्नानुसार रहेका छन्।

परियोजना	विकास साझेदार
Legal Identity	UNHCR, US Embassy and Australian Embassy
Reproductive Health Right	CRR, Ipas Nepal

Transitional Justice	International Alert
Human Trafficking	Winrock International, Center for Women Global, ILO
Disaster and Risk Management	UN Women
Gender Based Violence (GBV)	UN Women, Donor Director, UNESCO, UNFPA/Ipas Nepal
Sexual Violence	Equality Now, CAC Nepal/UN Women

१६. आर्थिक बर्ष ०७९/८० मा प्राप्त सहयोग र समग्र शिर्षकगत खर्च विवरण

महिला, कानुन र विकास मञ्च (FWLD) मा आर्थिक बर्ष ०७९/८० मा विभिन्न साझेदार संस्थाहरू प्राप्त भएका सहयोगहरू र सो सहयोगको विषयगत खर्च विवरण निम्नानुसार रहेका छन् ।

क्र.सं.	विषय	बजेट	खर्च
१.	प्रशासनिक खर्च	४१,२०,२६०।००	३८,४७,९३०।००
२.	तलब भत्ता खर्च	२१,६३१,२४३।००	२१,१७२,७३५।५१
३.	कार्यक्रम खर्च	५६,५९५,२६५।००	५३,३५३,१७२।५३
	जम्मा	**८२,३४६,७६८।००**	**७८,३७३,८३७।३३**

१७. आर्थिक बर्ष ०७८/७९ को सामाजिक परिक्षणबाट प्राप्त सुझावहरुको कार्यान्वयन

महिला, कानुन र विकास मञ्च (FWLD) ले आर्थिक बर्ष ०७८/७९ मा आयोजना गरेको सामाजिक परिक्षणमा प्राप्त भएका सुझावहरूको कार्यान्वयनको अवस्था र कार्यान्वयनका लागि गरिएका प्रयासहरू निम्नानुसार रहेका छन् ।

सुझाव	कार्यान्वयनको अवस्था र कार्यान्वयनका लागि गरिएका प्रयासहरु
संस्थाको धेरै परियोजनाहरू रहेकोले सम्भव भएसम्म परियोजनागत रुपमा सामीजक परिक्षण गर्न सुझाव दिइन्छ	संस्थाले हरेक बर्ष सामाजिक परीक्षण गरी रहेको र समाज कल्याण परिषद्द्वारा पुर्व स्विकृति लिइएको सबै परियोजनाहरूको छुट्टाछुट्टै अनुगमन तथा मूल्यांकन भइरहेको
समयानुकल भिजुअल प्रतिवेदनहरू बनाउँदा प्रचार गर्न सहज र सकारात्मक हुने देखिन्छ	भिजुअल प्रतिबेदनहरू बनाउने क्रम जारी रहेको
संस्थाले आवश्यक नीति, कार्यविधि बनाएपनि संख्या कम जस्तो देखिन्छ। विषयगत रुपमा छुट्टाछुट्टै कार्यविधि बनाउदा संस्था अझ नीतिगत रुपमा सबल बन्न सक्छ	संस्थाको आवश्यक सम्पूर्ण नीति, कार्यविधिको परिमार्जन भई तथा नयाँ नीतिहरू निर्माण भएको (आर्थिक नीति नियमावली, सम्पत्ति शुद्धिकरण सम्बन्धी नीति)

स्थानीय तहदेखी संघीय तहसम्म रहेको समन्वयलाई निरन्तरता दिन सुझाव दिइन्छ	३ तहकै सरकारहरूसंग निरन्तर समन्वयमा काम भईरहेको
संस्थाको समग्र पक्ष सबल देखिएकाले अन्य संस्थालाई सबल बनाउन संस्थागत र प्राविधिक सहकार्य गर्न सुझाव दिइन्छ	अन्य संस्थाहरूसँग निरन्तर समन्वय तथा सहकार्यमा काम भइरहेको

१८. आर्थिक बर्ष ०७९/८० को सामाजिक परिक्षणबाट प्राप्त सुझावहरु

महिला, कानुन र विकास मञ्च (FWLD) ले २०८० असोज १५ मा काठमाडौमा आयोजना गरेको सामाजिक परिक्षणको प्रस्तुतीको दिन ६६ जना (महिला ३४ पुरुष ३१ अन्य १) सहभागिता रहेको थियो। कार्यक्रम संस्थाका अध्यक्ष वरिष्ठ अधिवक्ता गिता अर्यालको अध्यक्षतामा आयोजना भएको थियो। सामाजिक परिक्षणमा कार्यक्रममा प्रतिनिधी सभा, महिला तथा सामाजिक समितिका सभापति मा. किरण कुमार शाहको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव फणिन्द्र गौतम, राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव दिपक जंगध्यव कार्की, काठमाडौं नगरपालिका वडा नं ११ का वडा अध्यक्ष हिरालाल तण्डुकार, समाज कल्याण परिषद्का उपनिर्देशक रामराज भट्टराई, संसदको महिला तथा सामाजिक समितिका इन्द्रविलास पौडेल, राष्ट्रिय महिला आयोगका उपसचिव सिता पौडेल, स्वास्थ्य मन्त्रालय, परिवार कल्याण महाशाखाका निशा जोशी लगायतको आतिथ्यता रहेको थियो। कार्यक्रममा सम्वन्धित निकाय, कार्यालय, सरोकारवाला र संस्थाका विभिन्न कार्यक्रमबाट लाभ, सहयोग वा सहजीकरण प्राप्त गरेका लाभान्वित व्यक्तिहरू समेतको उपस्थिती रहेको थियो। कार्यक्रममा उपस्थित प्रमुख अतिथी, अतिथी लगायत जम्मा १२ जनाले आफ्ना भनाई र सुझावहरू पेश गर्नु भएको थियो। कार्यक्रममा संस्थाबाट कानुनी सहयोग प्राप्त गरी नागरिकता प्राप्त गर्नुभएका दुई जनाले आफ्नो अनुभव बाड्नु भएको थियो। संकलित सुचना तथा तथ्य तथ्यांकहरू र सामाजिक परिक्षण प्रस्तुतीका दिन सहभागीहरूबाट प्राप्त भएका सुझावहरूलाई विश्लेषण गरी यहाँ प्रस्तुत गरिएको छ।

(क) स्थापना देखी नै संस्थाले महिलाहरू तथा वहिष्करणमा पारिएका समुदाय र अल्पसंख्यक समुदायका लागि कानुनी सहायता, सचेतना, वहश र तथ्यमा आधारित पैरवीको काम गर्दै आएको छ। यसको निरन्तरताको आवश्यकता छ।

(ख) संस्थाले राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका संवैधानिक निकाय र सरकारका अन्य विभिन्न निकायहरूसँग समन्वय र साझेदारी गरिरहेकोमा यसलाई निरन्तर र अझ थप प्रभावकारी रुपमा समन्वय साझेदारीलाई विकाश गर्नुपर्दछ।

(ग) विशेषगरी जोखिम समुहमा रहेका नागरिकहरूको पहिचान, अधिकार र संरक्षणमा थप प्रभावकारी रुपमा अझ धेरै जिल्ला र संख्यामा संस्थाले आफ्ना कार्यक्रमहरू संचालन गर्नुपर्दछ।

(घ) मनोसामाजिक सवाल पछिल्लो समय प्रमुख रुपमा देखिएकोले मनोपरामर्श सेवाका क्षेत्रमा पनि संस्थाले आफ्ना क्रियाकलापहरू थप गर्दा संस्थाले अहिले संचालन गरिरहेका कार्यक्रमका प्रमुख लक्षित समुहहरू थप लाभान्वित हुन सक्दछन्।

(ङ) संस्थाले आफ्ना परियोजनाहरूमा सामाजिक, आर्थिक, साँस्कृतिक, वातावरणिय र कानूनी पक्षहरूलाई समेटी एकिकृत कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

(च) संस्थाले गरेका कामहरूको उपलब्धीहरूले सम्वन्धित व्यक्ति, परिवार वा समाजमा पारेको दिर्घकालिन प्रभावहरू Outcome र Impact तहको समेतलाई र परियोजनाहरूको सुचक अनुसारको उपलब्धी प्रस्तुत गर्दा अझ प्रभावकारी हुन्छ।

(छ) संस्थाले मानव बेचविखनका विरुद्ध पनि काम गरिरहेकोमा सो कार्यक्रम बढाउन आवश्यक छ। यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको नागरिकता प्राप्तीका सवालमा संस्थाले कानुनी सहायता उपलब्ध गराउनु पर्दछ। लैंगिक हिंसाको तथ्यांकको अभाव रहेकोमा संस्थाले तथ्यांकहरूको संकलन, विश्लेषण र सो अनुसारको रणनीतिक कामका लागि सहजीकरण गर्न सक्दछ।

(ज) संस्थाले संचालन गरिरहेका कामहरू, अभियान, विषयगत बहश र विभिन्न सरोकारवालाहरूको क्षमता विकाससँग सम्वन्धित विषयहरूमा थप भिडियो लगायतका स्रोत सामग्रीहरू तयार गरी त्यस्ता सवालमा क्रियाशिल सबैका लागि सन्दर्भ तथा स्रोत सामग्रीका रुपमा प्रयोग हुनेगरी काम गर्नुपर्दछ।

(झ) समाज कल्याण परिषद्बाट पुर्व स्विकृती लिईएका परियोजनाहरूको चौमासिक प्रतिवेदन समाज कल्याण परिषद्मा पेश गर्नका लागि समाज कल्याण परिषद्मा आवद्ध भएका तथा परियोजनाको पुर्व स्विकृति लिएका संस्थाहरूका लागि सुझाव दिएको भएतापनि संस्थाले चौमासिक प्रतिवेदन पेश गर्ने अभ्यास शुरु नगरिसकेको देखिएको छ। समाजक कल्याण परिषद्को सिफारिस अनुसार सोको अभ्यास गर्नु उपयुक्त हुन्छ।

अनुसूची १ : सामाजिक परिक्षण कार्यक्रम तालिका

महिला, कानुन र विकास मञ्च (FWLD) द्वारा आ.व. २०७९/०८० मा सञ्चालन गरिएका कार्यक्रमहरूको सामाजिक परीक्षण

आश्विन १५, २०८० – काठमाडौं

कार्यक्रम तालिका

२:०० - २:३०	चिया नास्ता/सहभागी नाम दर्ता
२:३० - २:४५	स्वागत तथा आतिथ्यता ग्रहण
	• अध्यक्षता - वरिष्ठ अधिवक्ता गीता अर्याल, अध्यक्ष, ९ँधीम्०
	• मा. किरण कुमार शाह, सभापति, महिला तथा सामाजिक समिति, प्रतिनिधि सभा
	• फणिन्द्र गौतम, सचिव, सत्य निरुपण तथा मेलमिलाप आयोग
	• दिपक जंगध्वज कार्की, सहसचिव, राष्ट्रिय मानव अधिकार आयोग
	• हिरालाल तण्डुकार, वडा अध्यक्ष, का.म.न.पा. ११
	• रामराज भट्राई, उपनिर्देशक, समाज कल्याण परिषद्
	• इन्द्रविलास पौडेल, सचिव, महिला तथा सामाजिक समिति, संसदीय समिति
	• सिता निरौला, उपसचिव, महिला आयोग
	• निशा जोशी, स्वास्थ्य मन्त्रालय, परिवार कल्याण महाशाखा
२:४५ - ३:००	सम्मान कार्यक्रम
	- फणिन्द्र गौतम, सचिव, सत्य निरुपण तथा मेलमिलाप आयोग
३:०० - ४:००	सामाजिक परीक्षणको प्रस्तुतिकरण
	- विष्णु खत्री
४:०० - ४:१५	सफलताको कथा
४:१५ - ४:३०	छलफल तथा सुझाव संकलन
४:३० - ४:५५	मन्तव्य
४:५५ - ५:००	धन्यवाद ज्ञापन तथा कार्यक्रम समापन - गीता अर्याल, अध्यक्ष, (FWLD)
५:००	चिया नास्ता

अनुसूची २ : महिला, कानुन र विकास मञ्च (FWLD) को कार्यसमितिको विवरण

क्र. सं.	नाम	पद
१.	वरिष्ठ अधिवक्ता गीता देवी अर्याल	अध्यक्ष
२.	अधिवक्ता रुप नारायण श्रेष्ठ	उपाध्यक्ष
३.	अधिवक्ता लक्ष्मी पोखरेल	सचिव
४.	अधिवक्ता नवीन कुमार श्रेष्ठ	कोषाध्यक्ष
५.	अधिवक्ता शर्मिला पराजुली	सदस्य
६.	अधिवक्ता सीमा धामी	सदस्य
७.	अधिवक्ता पुष्पा पौडेल	सदस्य

अनुसूची ३ : महिला कानुन र विकास मञ्च (FWLD) को कर्मचारीहरुको विवरण

क्र. सं.	नाम	पद
१.	सविन श्रेष्ठ	कार्यकारी निर्देशक
२.	मीरा ढुंगाना	वरिष्ठ अधिवक्ता
३.	सुषमा गौतम	कानुन अधिकृत
४.	हिमाल श्रेष्ठ	डकुमेन्टेसन अफिसर
५.	सन्तोष पौडेल	सिनियर फाइनान्स अफिसर
६.	विनु लामा	कार्यक्रम संयोजक
७.	रोशना प्रधान	कार्यक्रम मेनेजर
८	दीपेश श्रेष्ठ	कार्यक्रम संयोजक
९.	सागर पाठक	कार्यक्रम संयोजक
१०.	रोजिना श्रेष्ठ	एड्भोकेसी अफिसर
११.	विनोद चन्द्र देवकोटा	कार्यक्रम अधिकृत
१२.	सुनिता के.सी.	एकाउन्ट अफिसर
१३.	दया सागर दाहाल	फाइनान्स अफिसर
१४.	दिपा अधिकारी	फाइनान्स अफिसर
१५.	सन्तोष चौधरी	मोनिटरिङ इभ्यालुएसन एण्ड एकाउण्टयाबिलिटी लर्निङ अफिसर
१६.	राजकमल लामा	एचआर एण्ड प्रोक्योरमेन्ट अफिसर
१७.	बसन्त गौतम	जिल्ला संयोजक
१८.	गोमा महर्जन	जिल्ला संयोजक
१९.	रेनु प्रधान श्रेष्ठ	जिल्ला संयोजक
२०.	देवी कुमारी निरौला	जिल्ला संयोजक
२१.	ईश्वरी ओझा	सहायक
२२.	शकुन्तला भुजेल	सहायक
२३.	लिला श्रेष्ठ	सहायक
२४.	अशोक भण्डारी	चालक
२५.	पूर्ण लामा	माली
२६.	सरोज गौतम	सहायक

अनुसुची ४ : महिला, कानुन तथा विकास मञ्चको भौतिक सम्पत्ति विवरण

१. काठमाडौं महानगरपालिका वडा नम्बर ११ आदर्श मार्ग थापाथली स्थित ०-७-०-० आना जगामा निर्मित साढे तीन तले पक्की भवन

२. नवलपरासी स्थित परासी नगरपालिका ९ कट्ठा ४ धुर जमिन

३. फर्निचर

क) सोफा ६ जोर

ख) टेबुल २७ थान (राउण्ड टेबुल - २ थान)

ग) कुर्सी १०१ थान (प्लाष्टिक कुर्सी - १९ थान)

घ) प्लाष्टिक टेबुल - ५ थान

ङ) सेटिङ्ग दराज - ६.५ फिट ह १३ फिट - १० थान)

च) काठको सानो दराज - ११ थान

छ) पंखा - १७ थान

ज) टेलिभिजन - १ थान

झ) सि.सि. कामरा सेट - ३ थान

ञ) ल्यापटप - २ थान

ट) प्रिन्टर - ४ थान

ठ) कम्युटर - १७ थान

ड) स्क्यानर - २ थान लगायतका सामानहरू रहेका छन् ।

अनुसूची ५ : सामाजिक परिक्षणका क्रममा लिईएका फोटोहरू

FALCHA

FALCHA

FALCHA

अनुसूची ६ : आर्थिक बर्ष ०७९/८० मा संस्थाका प्रकाशनहरु















महिला, कानुन र विकास मञ्च (FWLD)

७२, आदर्श मार्ग
पो.ब.नं. २६५३८
थापाथली, काठमाडौं, नेपाल
फोन नं.: २७७-१-५३३३५२४/५३३३५२५
इमेल: info@fwld.org
URL: www.fwld.org